.

## खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७७ उपर संशोधन सुझाव

| क.सं. | विधेयकको सम्बन्धित दफा /शिर्षक | विधेयकमा रहेको व्यवस्था | संशोधन गरिनु पर्ने व्यवस्था | संशोधन गरिनु पर्ने कारण |
|---|---|---|---|---|
| १. | दफा १ संक्षिप्त नाम र प्रारम्भ | दफा १(२) यो ऐन प्रमाणिकरण भएको मितिले एकतीसौं दिनबाट प्रारम्भ हुनेछ । | दफा १(२) यो ऐन प्रमाणिकरण भएको मितिले तीन सय छैसठीऔं दिनदेखि प्रारम्भ हुनेछ । | यो ऐनको कार्यान्वयन गर्न नियमावली बने पछि मात्र संभव हुने हुँदा नियमावली बन्न लाग्ने समय एवं विगतको अनुभवसमेतलाई दृष्टिगत गर्दा ऐन प्रारम्भ हुने मिति प्रमाणिकरण भएको मितिले कम्तीमा तीन सय छैसठीऔं दिन देखि राख्न |

| | | | | |
|---|---|---|---|---|
| | | | | बाञ्छनीय देखिएकोले । |
| २. | दफा १२ दुषित खाद्य पदार्थ बिक्री वितरण गर्न नहुने : | | | |
| | दफा १२(क) | सडे गलेको, फोहोर मैला मिसिएको वा विषाक्त अवस्थामा राखिएको वा तयार पारिएको, | **स्वास्थ्यलाई हानि हुने गरी** सडे गलेको, फोहोर मैला मिसिएको वा विषाक्त अवस्थामा राखिएको वा तयार पारिएको, | स्वास्थ्यलाई हानि हुने गरी सडे गलेको वा फोहोर मैला मिसिएको खाद्य पदार्थलाई मात्र दुषित खाद्य पदार्थको रुपमा लिन उपयुक्त र व्यवहारिक हुने भएकाले । |
| | दफा १२(ख) | मानव उपभोगको लागि अनुपयुक्त हुने गरी केही वा सम्पूर्ण भाग कुनै **रोगी वा रोगकारक पशुपन्छी** वा हानिकारक वनस्पतिबाट बनेको | मानव उपभोगको लागि अनुपयुक्त हुने गरी केही वा सम्पूर्ण भाग हानिकारक वनस्पतिबाट बनेको | रोगी वा रोगकारक पशु पन्छिबाट उत्पादित खाद्य बस्तु वा कच्चा खाद्य बस्तु हो होइन भन्ने कुरा उत्पादक, प्रशोधनकर्ता, वितरक वा बिक्रेताले खरिद गर्दा छुटाउन |

| | | | | |
|---|---|---|---|---|
| | | | | व्यवहारिक कठिनाई रहेको र तत्सम्बन्धी छुटाउन सक्ने उपयुक्त प्रविधिको प्रयोगसमेत प्रचलित नरहेकोले उक्त व्यवस्था नेपालको परिप्रेक्ष्यमा व्यहारिक नदेखिएकोले हटाउन उपयुक्त हुने । |
| | दफा १२(ग) | मानव स्वास्थ्यलाई असर गर्ने रोगकारक सुक्ष्म जिवाणु वा हानिकारक तत्व वा रसायनको मात्रा तोकिएको अधिकतम् सीमा भन्दा बढी भएको । | मानव स्वास्थ्यलाई असर गर्ने **पहिचान गरिएका** रोगकारक सुक्ष्म जिवाणु वा हानिकारक तत्व वा रसायनको मात्रा तोकिएको अधिकतम् सीमा भन्दा बढी भएको । | रोगका सुक्ष्म जिवाणु स्वरुप परिवर्तन वा नयाँ रोगका सुक्ष्म जिवाणु उत्पत्ति भई रहने हुँदा कुनै खाद्य पदार्थको उत्पादन वा प्रशोधन गर्दाका बखत पहिचान नभएको रोगकारक सुक्ष्म जिवाणुका कारण खाद्य व्यवसायीलाई दण्डित गरिनु न्यायोचित नरहेकाले । |

| | | | | |
|---|---|---|---|---|
| | प्रतिबन्धात्मक बाक्यांश थप | | तर माथि जुनसुकै कुरा लेखिएको भएतापनि उत्पादन कक्ष, बिक्री कक्ष वा भण्डारण कक्षमा बिक्री तथा उपभोग योग्य नरहेको भनी लेखी छुटाइ नष्ट वा हटाउन भण्डारण गरिएको खाद्य पदार्थलाई यस दफाको प्रयोजनार्थ मानव उपभोगको लागि दुषित खाद्य पदार्थको उत्पादन, प्रशोधन, निकासी, पैठारी, सञ्चय, ढुवानी वा बिक्री वितरणको लागि राखेको मानिने छैन । | उत्पादन, प्रशोधन, निकासी, पैठारी, एवं बिक्री कारोवारको क्रममा उत्पन्न हुने दुषित खाद्य पदार्थलाई तत्कालै नष्ट वा फिर्ता गर्न व्यवसायिक कारणले सभंव नभई कतिपय अवस्थामा उत्पादन कक्ष, बिक्री कक्ष एवं संचय कक्ष परिसरमा अलगै छुट्टै राखीनु पर्ने खाद्य्य व्यवसायीको बाध्यता रहेको र त्यस्तो अवस्थामा समेत दुषित खाद्य पदार्थ उत्पादन, संचय, बिक्री वितरणको अभियोग लगाई निर्दोष खाद्य व्यवसायी उपर खाद्य कसुरमा कारवाही उठान गर्न सकिने अवस्था देखिएकोले |

| | | | | |
|---|---|---|---|---|
| | | | | । |
| ३. | **दफा १३ न्यूनस्तरका खाद्य पदार्थ बिक्री वितरण गर्न नहुने**<br>प्रतिबन्धात्मक बाक्यांश थप | | तर माथि जुनसुकै कुरा लेखिएको भएतापनि उत्पादन कक्ष, बिक्री कक्ष वा भण्डारण कक्षमा बिक्री तथा उपभोग योग्य नरहेको भनी लेखी छुटाइ नष्ट वा हटाउन भण्डारण गरिएको खाद्य पदार्थलाई यस दफाको प्रयोजनार्थ न्यूनस्तरका खाद्य पदार्थको उत्पादन, प्रशोधन, निकासी, पैठारी, सञ्चय, ढुवानी वा बिक्री वितरणको लागि राखेको मानिने छैन । | उत्पादन, प्रशोधन, निकासी, पैठारी, एवं बिक्री कारोवारको कममा उत्पन्न हुने न्यूनस्तरका खाद्य पदार्थलाई तत्कालै नष्ट वा फिर्ता गर्न व्यवसायिक कारणले सभंव नभई कतिपय अवस्थामा उत्पादन कक्ष, बिक्री कक्ष एवं संचय कक्ष परिसरमा अलगै छुट्टै राखीनु पर्ने खाद्य् व्यवसायीको बाध्यता रहेको र त्यस्तो अवस्थामा समेत दुषित खाद्य पदार्थ उत्पादन, संचय, बिक्री वितरणको अभियोग लगाई निर्दोष खाद्य व्यवसायी उपर खाद्य कसुरमा कारवाही |

| | | | | |
|---|---|---|---|---|
| | | | | उठान गर्न सकिने अवस्था देखिएकोले । |
| ४. | **दफा १६ लेवल लगाउनु पर्ने** : | दफा (२) उपदफा (१) बमोजिम लगाइएको लेवलमा देहायको विवरण उल्लेख गर्नु पर्नेछ :<br>(घ) निश्चित अवधिभित्र उपभोग गरिसक्नु पर्ने बस्तु भए त्यस्तो अवधि । | दफा (२) उपदफा (१) बमोजिम लगाइएको लेवलमा देहायको विवरण उल्लेख गर्नु पर्नेछ :<br>(घ) निश्चित अवधिभित्र उपभोग गरिसक्नु पर्ने बस्तु भए त्यस्तो अवधि र सो बाहेकका तोकिएका अन्य खाद्य बस्तुमा उपभोगको निमित्त अधिकतम राम्रो मिति - (Best before date) | अन्तराष्ट्रिय अभ्याससमेतका आधारमा Food Handler protocols and food safety rules उल्लेख भएका प्याकिंग खाद्य पदार्थमा उपभोगको निमित्त अधिकतम राम्रो मिति -(Best before date) लेवलमा खुलाउन पाउने कानूनी व्यवस्था गर्न आवश्यक देखिएकोले । |
| ५. | **दफा २९ खाद्य निरीक्षण अधिकारीको काम, कर्तव्य र अधिकार** | **दफा २९(२)** : खाद्य निरीक्षण अधिकारीले उपदफा (१) को खण्ड (ङ) बमोजिम रोक लगाएकोमा त्यसरी रोक लगाउनु पर्नाको कारणसहितको प्रतिवेदन तयार गरी | **दफा २९(२)** : खाद्य निरीक्षण अधिकारीले उपदफा (१) को खण्ड (ङ) बमोजिम रोक लगाएकोमा त्यसरी रोक लगाउनु पर्नाको कारणसहितको प्रतिवेदन **तुरुन्त तयार गरी यथाशिघ्र** | खाद्य पदार्थको उत्पादन, प्रशोधन, सञ्चय, बिक्री वितरण रोक लगाउने गरी भएको कारवाहीको गंम्भीरताको कारण कार्यालय |

| | | | | |
|---|---|---|---|---|
| | | **तीन दिन भित्र** सम्बन्धित कार्यालय र महानिर्देशक समक्ष पठाउनु पर्ने छ । | **सम्बन्धित** कार्यालय र महानिर्देशक समक्ष पठाउनु पर्ने छ । | र विभागलाई प्रतिवेदन पठाउने अवधि धेरै भएकोले । |
| ६. | **दफा ३२ नमूना संकलन तथा परीक्षण गर्न सक्ने :** | ३२ को उपदफा २ : उपदफा (१) बमोजिम संकलित नमूना प्रयोगशालामा परीक्षण गरी त्यस्तो खाद्य पदार्थ यस ऐन बमोजिम निर्धारित गुणस्तर वा मापदण्डभन्दा न्यूनस्तरको रहेको वा मानव उपभोगको लागि असूरक्षित वा दुषित रहेको देखिएमा यस ऐन बमोजिम कारवाही गरी उपयुक्त **माध्यामबाट सार्वजनिक** गर्नु पर्ने छ । | **३२ को उपदफा २ :** उपदफा (१) बमोजिम संकलित नमूना प्रयोगशालामा परीक्षण गर्दा त्यस्तो खाद्य पदार्थ यस ऐन बमोजिम निर्धारित गुणस्तर वा मापदण्डभन्दा न्यूनस्तरको रहेको वा मानव उपभोगको लागि असूरक्षित वा दुषित रहेको प्रतिवेदन प्राप्त भएमा खाद्य निरिक्षण अधिकारीले सम्बन्धित बिक्रेतालाई त्यस्तो खाद्य पदार्थ नष्ट गर्न आदेश दिन सक्ने छ । | नमूना परिक्षण गर्दा खाद्य पदार्थ न्यून गुणस्तरको देखिदैमा सो कुरा सार्वजनिक गर्दा त्यसबाट खाद्य पदार्थको समष्टिगत बजारमा नै गंभीर प्रतिकूल प्रभाव पर्ने भएकाले उपभोक्ताको हितसमेतलाई ध्यानमा दिई त्यस्तो अवस्थामा उक्त खाद्य पदार्थ नष्ट गर्न नै उपयुक्त हुने भएकाले । |
| | दफा ३२ (३) थप नमुनाको मूल्य भुक्तानी | | (३)उपदफा १ बमोजिम नमूना संकलित गर्दा उक्त बस्तुको बजार मूल्य रकम सम्बन्धित बिक्रेतालाई | नमुना संकलनको अधिकार दुरुपयोग भई बिक्रेतालाई हुन सक्ने आर्थिक नोक्सानीबाट |

| | | | | |
|---|---|---|---|---|
| | | | भुक्तानी गर्नु पर्ने छ। | सुरक्षित गर्न खाद्य पदार्थको मूल्य बिक्रेतालाई भुक्तानी गर्न पर्ने व्यवस्था गर्न वाञ्छनीय देखिएकोले। - |
| ७. | दफा ३३ बिक्री वितरणमा रोक लगाउन सक्ने | | | |
| | दफा ३३(४) परीक्षण गर्ने अवधि। | | उपदफा (१) बमोजिम बिक्री वितरणको लागि रोक लगाइएको खाद्य पदार्थको नमूना परिक्षण गर्न लाग्ने न्यूनतम समय भित्र परीक्षण गरी सोको जानकारी सम्बन्धित बिक्रेतालाई दिनु पर्नेछ। | बिक्री वितरणमा रोक लगाईको खाद्य पदार्थको नमून परीक्षण जानकारी पाउने बिक्रेताको अधिकारलाई सुनिश्चित गर्न वाञ्छनीय देखिएकोले। |
| | दफा ३३ (५) थप क्षतिपूर्ति | | दफा ३३(४) उपदफा (१) बमोजिम बिक्री वितरणमा रोक लगाइएको खाद्य पदार्थ परीक्षण गर्दा तोकिएको स्वच्छता तथा गुणस्तर अनुरुप | शंकाको आधारमा बिक्री वितरणमा रोक लगाउन पाउने महानिर्देशक वा कार्यालयको कार्यलय प्रमुखको अधिकारको |

| | | | | |
|---|---|---|---|---|
| | | | देखिएमा बिक्री वितरणको लागि रोक लगाइएको कारणबाट बिक्रेतालाई पर्न गएको वास्तविक नोक्सानी रकमको क्षतिपूर्ति विभाग वा कार्यालयले सम्बन्धित बिक्रेतालाई दिनु पर्ने छ । | दुरुपयोगमा अंकुश लगाउन एवं बिक्री वितरणमा रोक लगाइएको कारणबाट निर्दोष बिक्रेतालाई पर्न जाने आर्थिक नोक्सानीको निमित्त क्षतिपूर्ति दिन वाञ्छनीय देखिएकोले । |
| ८. | **दफा ३८ खाद्य पदार्थ फिर्ता गर्ने :** | **दफा ३८(१)** : कुनै खाद्य पदार्थको उत्पादन वा प्रशोधन गर्ने खाद्य व्यवसायीले आफूले उत्पादन वा प्रशोधन गरेको कुनै ब्याच वा लटको खाद्य पदार्थ बिक्री वितरणको लागि बजारमा पठाएपछि त्यस्तो खाद्य पदार्थको उत्पादन वा प्रशोधनको कममा भएको त्रुटि, कमी कमजोरी वा **अन्य कुनै कारणबाट** यस ऐन बमोजिम तोकिएको स्वच्छता, | दफा ३८(१) : कुनै खाद्य पदार्थको उत्पादन वा प्रशोधन गर्ने खाद्य व्यवसायीले आफूले उत्पादन वा प्रशोधन गरेको कुनै ब्याच वा लटको खाद्य पदार्थ बिक्री वितरणको लागि बजारमा पठाएपछि त्यस्तो खाद्य पदार्थको उत्पादन वा प्रशोधनको कममा भएको त्रुटि वा कमी कमजोरी वा अन्य कुनै कारणबाट यस ऐन बमोजिम तोकिएको स्वच्छता, गुणस्तर वा मापदण्ड अनुरुप नभएको | सार्वजनिक रुपमा सुचना प्रकाशित गरी त्रुटिपूर्ण वा न्यून गुणस्तरको कुनै ब्याच वा एक लटको खाद्य पदार्थ फिर्ता माग गर्ने व्यवस्था गर्दा खाद्य व्यवसायीले उत्पादन वा प्रशोधन गरेको अन्य ब्याच वा लटको खाद्य पदार्थको बिक्री वितरणसमेत गंभीररुपमा प्रभावित हुने भएकाले । |

| | | | | |
|---|---|---|---|---|
| | | गुणस्तर वा मापदण्ड अनुरुप नभएको वा मानव उपभोगको लागि सुरक्षित नरहेको जानकारीमा आएमा त्यस्तो खाद्य पदार्थ **सार्वजनिक रुपमा सूचना प्रकाशन गरी** बजारबाट फिर्ता माग गर्नु पर्नेछ । | वा मानव उपभोगको लागि सुरक्षित नरहेको **आदेश प्राप्त भएमा त्यस्तो खाद्य पदार्थ बजारबाट फिर्ता माग गर्नु पर्नेछ ।** | |
| | ३८(२) | दफा ३८(२) : यस ऐनबमोजिम अनुगमन, निरिक्षण, जाँचबुझ वा आकस्मिक निरीक्षणको क्रममा कुनै खाद्य पदार्थको उत्पादन वा प्रशोधनको क्रममा भएको त्रुटि, कमी कमजोरी वा अन्य कुनै कारणबाट यस ऐन बमोजिम तोकिएको स्वच्छता, गुणस्तर वा मापदण्ड अनुरुप नभएको वा मानव उपभोगको लागि सुरक्षित रहेको | दफा ३८(२) : यस ऐनबमोजिम अनुगमन, निरिक्षण, जाँचबुझ वा आकस्मिक निरीक्षणको क्रममा कुनै खाद्य पदार्थको उत्पादन वा प्रशोधनको क्रममा भएको त्रुटि, कमी कमजोरी वा अन्य कुनै कारणबाट यस ऐन बमोजिम तोकिएको स्वच्छता, गुणस्तर वा मापदण्ड अनुरुप नभएको वा मानव उपभोगको लागि सुरक्षित रहेको नदेखिएमा **खाद्य** | न्यून गुणस्तरको खाद्य पदार्थ रहेको तथ्य खाद्य प्रयोगशालाको प्रतिवेदनबाट ठहर भए पछि मात्र खाद्य पदार्थ फिर्ताको लागि आदेश दिन उपयुक्त हुने भएकाले । |

| | | | | |
|---|---|---|---|---|
| | | नदेखिएमा अनुगमन, निरिक्षण, जाँचबुझ वा आकस्मिक निरीक्षणमा जाने अधिकारीको प्रतिवेदनको आधारमा महानिर्देशकले त्यस्तो खाद्य पदार्थको उत्पादन गर्ने, प्रशोधन गर्ने वा नेपालमा पैठारी गर्ने खाद्य व्यवसायीलाई त्यस्तो खाद्य पदार्थ बजारबाट तत्काल फिर्ता गर्न आदेश दिनेछ। | **प्रयोगशाला प्रतिवेदन**, अनुगमन, निरिक्षण, जाँचबुझ वा आकस्मिक निरीक्षणमा जाने अधिकारीको प्रतिवेदनको आधारमा महानिर्देशकले त्यस्तो खाद्य पदार्थको उत्पादन गर्ने, प्रशोधन गर्ने वा नेपालमा पैठारी गर्ने खाद्य व्यवसायीलाई त्यस्तो खाद्य पदार्थ बजारबाट तत्काल फिर्ता गर्न आदेश दिनेछ। | |
| | ३८(३) | (३) उपदफा (२) बमोजिम दिइएको आदेश उपयुक्त माध्यामबाट सार्वजनिक गर्नु पर्ने छ। | हटाउनु पर्ने | सार्वजनिक रुपमा सुचना प्रकाशित गरी त्रुटिपूर्ण वा न्यून गुणस्तरको कुनै ब्याच वा एक लटको खाद्य पदार्थ फिर्ता माग गर्ने व्यवस्था गर्दा खाद्य व्यवसायीले उत्पादन वा प्रशोधन गरेको अन्य ब्याच वा |

| | | | | |
|---|---|---|---|---|
| | | | | लटको खाद्य पदार्थको बिक्री वितरणसमेत गंभीररुपमा प्रभावित हुने भएकाले । |
| ९ | **दफा ३८क. थप : पुनरावलोकलनको लागि निवेदन दिन सक्ने :** | | **३८क. पुनरावलोकलनको लागि निवेदन दिन सक्ने :** (१) विभाग वा कार्यालय वा खाद्य निरीक्षण अधिकारीले दफा ३२, दफा ३३ दफा ३५ दफा ३८ दिएको आदेशमा उपर चित्त नबुझाउने खाद्य व्यवसायीले आदेश प्राप्त भएको ३ दिन भित्र विभागसमक्ष पुनरावलोकनको लागि निवेदन दिन सक्ने छ । | विविध प्राविधिक गडवडिको कारणबाट प्रयोगशालाको प्रतिवेदन रिर्पोटमा एक रुपता नहुने हुँदा सो रिर्पोटको आधारमा जारी हुने आदेशको पुनरावलोकनको व्यवस्था गर्न जरुरी देखिएकोले । |
| | दफा ३८क. (२) थप | | (२) उपदफा १ बमोजिम निवेदन परेमा विभागले निवेदनसाथ पेश भएका प्रमाण कागजात वा थप नमुना सकंलन गरी वा पहिले परीक्षण भएको नमूनालाई पूनः अर्को | प्रयोगशालाको परिक्षण प्रतिवेदनलाई बस्तुगतरुपमा पून: परिक्षण गरी खाद्य स्वच्छता तथा गुणस्तरको विषयमा कारवाही गर्न |

| | | | | |
|---|---|---|---|---|
| | | | ल्याबमा परीक्षण गरी सोही आधारमा निवेदन परेको मितिले ७ दिन भित्र निर्णय गर्नु पर्ने छ । | न्यायोचित हुने देखिएकोले । |
| **१०** | दफा ४१ (३) | दफा ४१(३) : उपदफा (१) बमोजिम तत्काल जरिवाना गर्ने गरी निर्णय भएको मितिले सात दिनभित्र सो जरिवाना नतिर्ने, नबुझाउने व्यक्ति विरुद्ध त्यसरी जरिवाना गर्ने अधिकारीले देहायको कार्य गर्न सक्नेछ :-<br>(क) जरिवानाको रकम नबुझाएसम्म त्यस्तो खाद्य पदार्थ सिलबन्दी गरी राख्न,<br>(ख) जरिवानाको रकम नबुझाएसम्म त्यस्तो खाद्य पदार्थको उत्पादक, प्रशोधनकर्ता, पैठारीकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता, बिक्रेता | दफा ४१(३) : उपदफा (१) बमोजिम तत्काल जरिवाना गर्ने गरी **निर्णय अन्तिम** भएको मितिले सात दिनभित्र सो जरिवाना नतिर्ने, नबुझाउने व्यक्ति विरुद्ध त्यसरी जरिवाना गर्ने अधिकारीले देहायको कार्य गर्न सक्नेछ :-<br>(क) जरिवानाको रकम नबुझाएसम्म त्यस्तो खाद्य पदार्थ सिलबन्दी गरी राख्न,<br>(ख) जरिवानाको रकम नबुझाएसम्म त्यस्तो खाद्य पदार्थको उत्पादक, प्रशोधनकर्ता, पैठारीकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता, बिक्रेता वा सेवा | तत्काल गरिएको जरिवानाको निर्णय उपर महानिर्देशक समक्ष पुनरावलोकन गर्न पाउने व्यवस्था भएकोले निर्णय अन्तिम नभई जरिवाना अशुली उपरको कारवाही गर्न मनासिव नदेखिएकोले । |

| | | | | |
|---|---|---|---|---|
| | | वा सेवा प्रदायकले उत्पादन, प्रशोधन, ढुवानी, सञ्चय, बिक्री वितरण गर्ने अन्य बस्तुसमेत रोक्का राख्न । | प्रदायकले उत्पादन, प्रशोधन, ढुवानी, सञ्चय, बिक्री वितरण गर्ने अन्य बस्तुसमेत रोक्का राख्न । | |
| ११ | **दफा ४२ सजाय :** | **दफा ४२(१)(क)** : दफा ४० को खण्ड(क),(ख),(ज),(झ), (ञ) वा (ट) बमोजिमको कसुरमा दश हजार रुपैयाँ देखि पचास हजार रुपैयासम्म जरिवाना | दफा ४०(१)(क) : दफा ४० को खण्ड(क),(ख),(ज),(झ), (ञ) वा (ट) बमोजिमको कसुरमा दश हजार रुपैयाँ रुपैयासम्म जरिवाना | ऐन कानूनको अनुपालनाको विषयमा जरिवानाको सजाय १० हजार भन्दा बढी जरिवाना गरिनु अनुचित देखिएकोले । |
| | **दफा ४२(१) (ख)** : | दफा ४० को खण्ड(ग) बमोजिमको कसुरमा एक वर्ष देखि पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँ देखि पाच लाखरुपैयासम्म जरिवाना वा दुवै सजाय | दफा ४० को खण्ड(ग) बमोजिमको कसुरमा बढीमा ५० हजार रुपैयाँसम्म जरिवाना | दुषित खाद्य पदार्थको उपभोगबाट उपभोक्ताको स्वास्थ्यमा हानी नोक्सानी पुग्न गएमा क्षतिपूर्ति भराइने हुँदा कैद तथा अत्याधिक बढी जरिवानाको सजाय गर्नु अनुचित देखिएकोले एवं खाद्य |

| | | | | |
|---|---|---|---|---|
| | | | | व्यवसायीलाई कैदको सजायको व्यवस्था गर्दा व्यापार व्यवसायमा नै गंभीर असर पर्ने भएकाले । |
| | दफा ४२(१)(ग) | दफा ४० को खण्ड (घ),(ङ) वा ( च) बमोजिमको कसुरमा तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँ देखि तीन लाखरुपैयासम्म जरिवाना वा दुवै सजाय | दफा ४० को खण्ड (घ),(ङ) वा ( च) बमोजिमको कसुरमा बढीमा तीस हजार रुपैयाँसम्म जरिवाना । | न्यूनस्तरको खाद्य पर्दाथको उत्पादन, बिक्री वितरणबाट नोक्सानी परेमा क्षतिपूर्ति भराउन सकिने व्यवस्था भएकाले कैद तथा अत्याधिक बढी जरिवानाको सजाय गर्नु अनुचित देखिएकोले एवं खाद्य व्यवसायीलाई कैदको सजायको व्यवस्था गर्दा व्यापार व्यवसायमा नै गंभीर असर पर्ने भएकाले । |
| | ४२(१) (घ) | **दफा ४० को १(घ)** : दफा ४० को खण्ड (छ) बमोजिमको कसूरमा छ | **दफा ४० को १(घ)** : दफा ४० को खण्ड (छ) बमोजिमको कसूरमा २० | लेवलिङ सम्बन्धी कसुरमा कैद तथा बढी जरिवाना सजाय |

| | | | | |
|---|---|---|---|---|
| | | महिनासम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय | हजार रुपैयाँसम्म । | गरिनु अनुचित भएकाले । |
| | ४२(१)(ङ) | **दफा ४२(१)(ङ)** : दफा ४० को (ठ) बमोजिमको कसूरमा पचास हजार रुपैयासम्म जरिवाना । | **दफा ४२(१)(ङ)** : दफा ४० को (ठ) बमोजिमको कसूरमा दश हजार रुपैयासम्म जरिवाना । | आदेश परिपालना नगरेमा बढी जरिवानाको सजाय गरिनु अनुचित रहेकोले । |
| **१२.** | दफा ४२(३) (दोब्बर सजाय) | यस ऐन बमोजिम कसूरमा सजाय पाएको व्यक्तिले पुनः यस ऐन बमोजिमको कसूर गरेमा निजलाई यस ऐनबमोजिम हुने सजायको दोब्बर सजाय हुनेछ । | यस ऐन बमोजिम कुनै कसूरमा सजाय पाएको व्यक्तिले सोही कसूर गरेमा निजलाई पहिलो पटक पाएको सजायको दोब्बर सजाय हुनेछ । | समग्र ऐनमा उल्लेखित कसुरलाई एकै कसुर मान्न मिल्ने कानूनी तथा न्यायोचित आधार नै नभएको र दोब्बर सजायको व्यवस्था एकै कसुर पटक पटक गर्ने पटके कसुरदारसम्मलाई गर्न उचित हुने देखिएकोले । |
| **१३.** | दफा ५० नेपाल सरकारवादी हुने : | यस ऐन अन्तर्गत कसूर हुने मुद्दा नेपाल सरकार वादी भई चल्नेछ र | यस ऐन अन्तर्गत कसूर हुने मुद्दा नेपाल सरकार वादी भई चल्नेछ । | खाद्य पदार्थ न्यूनस्तर रहेको जस्ता यस ऐन बमोजिमका |

| | | | | |
|---|---|---|---|---|
| | | त्यस्तो मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची २ मा समावेश भएको मानिनेछ । | | आरोपमा उद्यमी, व्यवसायी एवं व्यापारीहरुलाई पकाउ गरी थुनामा राख्ने एवं मुद्दा चलिरहेको पुरा अवधिसम्म थुनामा राखिनु अनुचित हुनुको साथै यसबाट उद्यम, व्यापार र व्यवसायमा गंभीर प्रतिकूल प्रभाव पार्ने भएकाले हटाउन उपयुक्त देखिएको । |
| १४. | **दफा ५३** | **प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने** : यस ऐनबमोजिम कसूर ठहरिने कार्य अन्य प्रचलित कानून अन्तर्गत पनि कसूर ठहरिने रहेछ भने त्यस्तो | **यसै ऐन बमोजिम हुने :** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनमा लेखिए जतिमा यसै ऐन बमोजिम हुनेछ । | खाद्य सम्बन्धमा खाद्य स्वच्छता तथा गुणस्तर ऐन विशेष ऐन भएकाले यस ऐनको विशिष्टता कायम गर्न यस ऐनमा उल्लेखित कसुरको सम्बन्धमा |

| | | | | |
|---|---|---|---|---|
| | | कानून बमोजिम मुद्दा चलाउन यस ऐनले बाधा पुऱ्याएको मानिने छैन । | | यसै ऐनबमोजिम कारवाही चलाउने व्यवस्था गर्न उपयुक्त हुने भएकाले । साथै मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा ५ मा विशेष ऐनको व्यवस्था लागू हुने कानूनी व्यवस्था रहेकाले विशेष ऐनमा उल्लेखित कसुरको विषयमा सामान्य कानून प्रयोग गरी मुद्दा चलाउन सक्ने व्यवस्थाको औचित्यता नै नदेखिएकोले । |